अख्तियार दुरुपयोग अनुसन्धान आयोग
टंगाल, काठमाडौं

मितिः २०८०/१२/१५ गते।

**प्रेस विज्ञप्ति**

**श्री प्रधान सम्पादकज्यू/ सम्पादकज्यू,**

**विषय :- आरोपपत्र दायर गरिएको ।**

---------------------------------------

नेपाल दुरसञ्चार प्राधिकरणले खरिद गरेको मोबाइल डिभाइस म्यानेजमेन्ट सिष्टम (Mobile Device Management Syste-MDMS) परामर्श सेवा खरिद कार्यमा अनियमितता भएको भन्ने उजुरी निवेदन सम्बन्धमा अनुसन्धान हुँदा नेपाल दूरसञ्चार प्राधिकरणले उक्त Mobile Device Management System(MDMS) खरिद प्रक्रियामा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४, दफा ५ तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३ र नियम ५क समेतको कानूनी व्यवस्था बमोजिम खरिद पूर्व गर्नुपर्ने अनिवार्य कार्यहरू; माग सङ्कलन, प्राविधिक विवरण तयारी (आकार, नक्सा, बजार अध्ययन, डिजाइन, प्राविधिक विशेषताहरू, मालसामान नमुना), खरिद कार्य यकिन(परिमाण, गुणस्तर, समय, प्रकार), प्याकेज निर्धारण (परामर्श सेवा वा अन्य), लागत अनुमान तयार, योग्यता निर्धारण (जनशक्ति, अनुभव, वित्तीय तथा छनौट विधि) समेतको विस्तृत अध्ययन गरी/गराई स्वीकृत गरी सोही आधारमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६ तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ बमोजिम खरिदको प्रकार, परिमाण, खरिद विधि, सार्वजनिक खरिद अनुगमन कार्यालयले खरिद गुरु योजनामा समावेश गर्नुपर्ने भनी निर्धारण गरेका कुरासमेतलाई समेटी खरिद गुरु योजना तयार गरी/गराई स्वीकृत गर्नुपर्ने कानूनी व्यवस्था रहेकोमा कानूनी व्यवस्थालाई अन्देखा गरी सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम वस्तु तथा परामर्श सेवाको खरिद विधि नै फरक रहेको अवस्थामा वस्तु (Hardware) तथा परामर्श सेवा(Software) खरिदमा एकै परामर्श सेवा खरिद विधिलाई मात्र आधार लिई लिन लगाई वस्तु खरिदको मूल्याङ्कन हुनै नसक्ने अवस्था सिर्जना गरी/गराई सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६ बमोजिम निर्माण स्थल (Primary Data Center रहने स्थान) सम्म पनि यकिन नगरी/नगराई प्रचलित कानूनी प्रावधानको प्रतिकुल हुने गरी बदनियत राखी दूरसञ्चार ऐन, २०५३ को दफा ६२ बमोजिम Regulatory Framework/MDMS Bylaws (विनियमावली) को मस्यौदा तयार गर्नको लागि Terms of Reference (कार्य विवरण) सहित सम्झौता भएको परामर्शदाता Laurasia Associates UK बाट सम्झौताको सर्त (कार्य विवरण) भन्दा बाहिर विना आधार प्रमाण र अध्ययन विना नमूनाको रूप बनाई दिएको बोलपत्र (Bidding Document) र लागत अनुमान(Cost Estimate) मा Terms of Reference (ToR) र Cost Estimate का आइटमहरूको बिचमा Alignment नदेखिएको, Cost Estimate तयार पार्दा Breakdown सहित Justification नभएको समेतको विवरणलाई नै लागत अनुमानको रूपमा ग्रहण गरी/गराई तथा दूरसञ्चार ऐन, २०५३ को दफा ६२ बमोजिम स्वीकृत MDMS Bylaws, २०७५ (विनियमावली) लाई खरिद गुरु योजना भनी झुट्टा तथा कपोकल्पित आधारमा खरिद कार्यको नियमानुसारको सम्भाव्यता अध्ययन तथा नर्म्स नै तयार नगराई अस्वभाविक किसिमबाट बढी काम/लागत देखाई Cost Break Down नगरेको, Cost

Estimate सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ (अनुसूची-१क) तथा नेपाल दूरसञ्चार प्राधिकरणको खरिद विनियमावली, २०७३ को अनुसूची-१ बमोजिम Break down सहितको लागत अनुमान तयार नगरेको, ६ महिनामा International and National गरी १३ जनाको सहभागितामा निर्माण गरी कार्यान्वयन गर्ने Data Processing को कार्य गर्ने Customized सफ्टवेयर MDMS को लागत अनुमान एक अरब भन्दा बढी स्वीकृत गराई अस्वभाविक लागत अनुमान तयार गरेको, Terms of Reference मा कार्यस्थल/निर्माण स्थल कतै NTA ले प्रदान गर्ने भन्ने उल्लेख भएको, कतै Consultant ले उपलब्ध गराउने भन्ने उल्लेख भएको, Operator लाई EIR Solution ४ थान मागेकोमा Operators को लागि Probe Server, UTM ५ वटा राखिएको, Connectivity, Dark Fiber ५ वटा अपरेटरको लागि राखिएको, माल सामान खरिद गर्दा आवश्यक पर्ने Bill of Quantity के कसरी कुन समयमा पेस गर्ने विषय उल्लेख नभएको, सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६९ मा E-Bidding गर्नुपर्ने कानूनी व्यवस्था हुँदाहुँदै पनि Manual Submission मात्र गरेको, सर्वोच्च अदालतको रिट नं. 069-CR-0268 को फैसला, नेपालको संविधानको धारा २८ गोपनीयताको हक तथा वैयक्तिक गोपनीयता सम्बन्धी ऐन, २०७५ समेतको कानूनी व्यवस्थाको प्रतिकूल हुने गरी विदेशी कम्पनीलाई Operational Level को पूर्ण जिम्मेवारी दिई DATA गोपनीयता तथा Criticality तर्फ आवश्यक व्यवस्था नगरेको, LEA Module/CDR access कार्यान्वयनको लागि ठोस व्यवस्था नगरी RFP मा राखेको, कानूनमा नभएकोमा Bid Security को प्रावधान राखी प्रतिस्पर्धा (Competition) सीमित बनाएको, Support System Item मा Duplication हुने गरी अस्वभाविक रूपमा बढी सामान बढी मूल्य कायम गरी गराई Bidding Document स्वीकृतको लागि पेश गरेको र MDMS Bylaws, २०७५ तत्काल प्रस्ताव तयार गरी पेस गर्ने गरी निर्णय गराई स्वीकृतको लागि पेस गरेको, MDMS खरिदको लागि सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५क. बमोजिम लागत अनुमान स्वीकृत नै नगरी सोही ऐनको परिच्छेद-४ परामर्श सेवा सम्बन्धी व्यवस्था अन्तर्गत दफा ३१ बमोजिम खुल्ला रुपमा आशय पत्र माग गरी/गराई परामर्शदाताको संक्षिप्त सूचि प्रकाशन गरेको, सोही क्रममा पेस गरेको Cost Estimate र Bidding Document को Review को लागि TAEC Consult लाई नियुक्त गरी उक्त Consultant बाट Request For Proposal Review सहितको प्रतिवेदन पेस भएको देखिएकोमा उक्त प्रतिवेदनलाई अन्देखा गरी लागत अनुमान र बोलपत्र स्वीकृत गरेको।

उक्त Mobile Device Management System(MDMS/SEIR) खरिद कार्य गर्दा पुष्टयाइँको आधार बिना बदनियतपूर्ण ढंङ्गले अस्वभाविक बढी काम/लागत देखाई उक्त लागत अनुमान र बोलपत्र स्वीकृत नगराई Expression of Interest जारी गरेको, मनासिब कारण बिना लागत इष्टिमेट अस्वभाविक रूपमा बढाई अस्वभाविक रूपमा बढी सामान बढी मूल्य तिरी खरिद गर्ने, गलत लिखत तयार गर्ने, सरकारी/सार्वजनिक कागजातहरू लुकाए/नष्ट गर्ने गराउने कार्य गरेको पुष्टी भएको हुँदा उक्त Mobile Device Management System(MDMS) परामर्श सेवा खरिद गर्ने कार्य गर्दा गराउँदा रु.९१,९८,३०,८८२.३२ (एकानब्बे करोड अन्ठानब्बे लाख तीस हजार आठ सय बयासी रुपैया बत्तीस पैसा मात्र) प्रतिवादी राष्ट्रसेवकले आफू तथा परामर्शदाता Nuemera JV लाई गैरकानूनी लाभ पुऱ्याउने र नेपाल दूरसञ्चार प्राधिकरण/नेपाल सरकारलाई गैरकानूनी हानिनोक्सानी पुऱ्याउने भ्रष्टाचार जन्य कसुरमा संलग्न देहायका प्रतिवादीहरूउपर देहाय बमोजिमको सजाय हुन मागदाबी लिई आज बिशेष अदालय काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

देहाय :

(क) **नेपाल दूरसञ्चार प्राधिकरणका तत्कालीन अध्यक्ष दिगम्बर झा, पुरुषोत्तम प्रसाद खनाल, निर्देशक/बरिष्ठ निर्देशक आनन्द राज खनाल, उपनिर्देशक/निर्देशक मिन प्रसाद अर्याल, सहायक निर्देशक/उपनिर्देशक विनोद चन्द्र श्रेष्ठ, निर्देशक दिपेश आचार्य, उपनिर्देशक सुरेन्द्रलाल हाडा, सहायक निर्देशक/उपनिर्देशक रेवती राम पन्थ, सहायक निर्देशक/उपनिर्देशक संदिप अधिकारी, सहायक निर्देशक/उपनिर्देशक सूर्य प्रसाद लामिछाने, उपनिर्देशक अच्युता नन्द मिश्र, सहायक निर्देशक विजय कुमार राय यादव, सहायक निर्देशक प्रतिक्षा पौडेल, सहायक निर्देशक निराजन कोइरालाको** कार्यबाट रु.९१,९८,३०,८८२.३२ (एकानब्बे करोड अन्ठानब्बे लाख तीस हजार आठ सय बयासी रुपैयाँ बत्तीस पैसा) आफू तथा परामर्शदाता Nuemera JV लाई गैरकानूनी लाभ र नेपाल दूरसञ्चार प्राधिकरण/नेपाल सरकारलाई हानिनोक्सानी गरे/गराएको हुँदा निजहरूलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (क), (घ), (च), (ञ) बमोजिमको कसुरमा बिगो रु.९१,९८,३०,८८२.३२ (एकानब्बे करोड अन्ठानब्बे लाख तीस हजार आठ सय बयासी रुपैयाँ बत्तीस पैसा) र सोमा फैसला हुँदाको मितिको प्रचलित डलरको विनिमय दर बमोजिमको थप रकमसमेत गणना गरी बिगो कायम गरी सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगो बमोजिम जरिवाना गरी खर्च भएको देखिएको बिगो रु.२३,२०,५९,३१४.९४ (तेइस करोड बीस लाख उनान्साठ्ठी हजार तीन सय चौध रुपैयाँ चौरानब्बे पैसा) निजहरुबाट असुल उपर हुन मागदाबी लिइएको छ।

यसैगरी नेपाल दूरसंचार प्राधिकरण अन्तर्गत खरिद एकाईका तत्कालीन पदाधिकारीहरू अच्युता नन्द मिश्र, सूर्य प्रसाद लामिछाने, संदिप अधिकारी, विजय कुमार राय यादवसमेतले सरकारी/सार्वजनिक संस्था नेपाल दूरसञ्चार प्राधिकरणको प्राविधिक मूल्याङ्कन प्रतिवेदनको Covering Page, प्रतिवेदन उपर भएको निर्णय, आर्थिक प्रस्ताव खोल्ने निर्णय, मुचुल्का, Mobillon Trade (JV) ले पेश गरेको आर्थिक प्रस्ताव, आर्थिक प्रस्तावसमेतको मूल्याङ्कन प्रतिवेदन, वार्ता माइन्यूट उपर भएको निर्णय, सम्झौता गर्ने र LoI जारी गर्ने निर्णय, Nuemera ले के कसरी Breakdown of price पेस गरेको तथा उक्त Breakdown of price बमोजिम खरिद कार्य गर्ने निर्णयसमेतका कागजातहरु सम्झौता बमोजिम कार्य सम्पन्न भई नसकिएको अवस्थामै फेला नपरेको आधारबाट निजहरुले उक्त सरकारी सार्वजनिक कागजातहरु लुकाएको/नष्ट गरेको पुष्टि भएको हुँदा निजहरूलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १२ बमोजिमको कसुरमा सोही ऐनको दफा १२ बमोजिमसमेत सजाय हुन मागदाबी लिइएको छ।

नेपाल दूरसंचार प्राधिकरणका तत्कालीन अध्यक्ष पुरुषोत्तम प्रसाद खनालसमेतले सरकारी/सार्वजनिक संस्था नेपाल दूरसञ्चार प्राधिकरणको प्राविधिक मूल्याङ्कन प्रतिवेदनको Covering Page, प्रतिवेदन उपर भएको निर्णय, आर्थिक प्रस्ताव खोल्ने निर्णय, मुचुल्का, Mobillon Trade (JV) ले पेश गरेको आर्थिक प्रस्ताव, आर्थिक प्रस्तावसमेतको मूल्याङ्कन प्रतिवेदन, वार्ता माइन्यूट उपर भएको निर्णय, सम्झौता गर्ने र LoI जारी गर्ने निर्णय, Nuemera ले के कसरी Breakdown of price पेस गरेको तथा उक्त Breakdown of price बमोजिम खरिद कार्य गर्ने निर्णयसमेतका कागजातहरु सम्झौता बमोजिम कार्य सम्पन्न भई नसकिएको अवस्थामै फेला नपरेको र MDMS संचालनमा नै नआएकोमा संचालनमा आएको भनी गलत लिखत तयार गरी/गराई सूचना प्रकाशन गरे/गराएको पुष्टि भएको हुँदा निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ र दफा १२ बमोजिमको कसुरमा सोही ऐनको दफा ९ र दफा १२ बमोजिमसमेत सजाय हुन मागदाबी लिइएको छ।

निजहरु विनोद चन्द्र श्रेष्ठ, दिपेश आचार्य, सुरेन्द्रलाल हाडा, रेवती राम पन्थ, अच्युता नन्द मिश्र, विजय कुमार राय यादवले मूल्याङ्कन समितिको सदस्य भई Nuemera JV ले पेश गरेको प्राविधिक प्रस्तावको मूल्याङ्कन गरी "It must fullfill all the requirements (MDMS, Datacenter, IT equipment etc) as per RFP without any increment in the quoted lumpsum amount" भन्ने व्यहोरा सहित Conditional प्रतिवेदन दिएकोमा सो को condition पुरा नभई/नगराई आफैले दिएको प्रतिवेदनको प्रतिकूल हुने गरी आर्थिक प्रस्ताव खोल्नको लागि सिफारिस गरेको र आर्थिक प्रस्ताव निजहरुकै उपस्थितिमा खोली मूल्याङ्कन गरी सम्झौता गर्नको लागि सिफारिस गरेको समेत देखिएको, साथै मूल्याङ्कनको क्रममा Numera JV ले पेश गरेको आर्थिक प्रस्तावको FIN-१ मात्र मूल्याङ्कन गरी FIN-२ मा उल्लेख भएको प्राधिकरणबाट जारी भएको Terms of Reference (ToR) विपरित हुने गरी परामर्शदाताले राखेको शर्तलाई अन्देखा गरी गलत लिखत प्रतिवेदन तयार गरे/गराएको पुष्टि भएको हुँदा निजहरूलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ९ बमोजिमको कसुरमा सोही ऐनको दफा ९ बमोजिमसमेत सजाय हुन मागदाबी लिइएको छ।

साथै निजहरु दिगम्बर झा र पुरुषोत्तम प्रसाद खनालले भ्रष्टाचार निवारण ऐन, २०५९ को परिच्छेद २ (भ्रष्टाचारको कसुर र सजाय सम्बन्धी व्यवस्था) अन्तर्गतका माथि उल्लिखित मागदाबी बमोजिमको कसुर गरेको हुँदा निजहरूलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २४ बमोजिम थप सजाय हुन मागदाबी लिइएको छ।

**ख. Nuemera (M) Sdn.Bhd., Malaysia, Namaste Global Comm Pte. Ltd. Singapore, OSI Digital Pvt. Ltd. India (JV), Nuemera (M) Sdn.Bhd., Malaysia, Namaste Global Comm Pte. Ltd. Singapore, OSI Digital Pvt. Ltd. India (JV) को Lead Partner Nuemera (M) Sdn.Bhd., Malaysia कम्पनी र उक्त कम्पनीको Group Chairman Datuk Mohd Noor Amin भन्ने Mohd Noor Amin Bin Mohd Noor Khan, Nuemera (M) Sdn.Bhd., Malaysia कम्पनीमा कार्यरत रही MDMS खरिद कार्यको वार्तामा संलग्न Datuk Mohamed Shihab भन्ने Mohamed Shihab Bin Kunhi Mohamed,Lead Partner Nuemera (M) Sdn.Bhd., Malaysia कम्पनीमा Chief Operating Officer पदमा कार्यरत Anuj Singh भन्ने Anuj Singh X, Lead Partner Nuemera (M) Sdn.Bhd., Malaysia कम्पनीमा Product Specialist Jameel Ahmed, Nuemera (M) Sdn.Bhd., Malaysia, Namaste Global Comm Pte. Ltd. Singapore, OSI Digital Pvt. Ltd. India (JV) को पार्टनर कम्पनी Namaste Global Comm Pte. Ltd. Singapore का निर्देशक कबिन्द्र राज मल्लको हकमाः** प्रतिवादीहरू Datuk Mohd Noor Amin भन्ने Mohd Noor Amin Bin Mohd Noor Khan, Datuk Mohamed Shihab भन्ने Mohamed Shihab Bin Kunhi Mohamed, Anuj Singh भन्ने Anuj Singh X, Jameel Ahmed, कबिन्द्र राज मल्ल, Nuemera (M) Sdn.Bhd., Malaysia र Nuemera (M) Sdn.Bhd., Malaysia, Namaste Global Comm Pte. Ltd. Singapore, OSI Digital Pvt. Ltd. India (JV) लाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २३ को प्रावधान बमोजिम सोही ऐनको दफा २२ बमोजिम लाभ प्राप्त गर्ने प्रकृतिको मतियारको कसुरमा मुख्य कसुरदारहरुलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (क), (घ), (च), (ञ) बमोजिमको कसुरमा बिगो रु.९१,९८,३०,८८२.३२ (एकानब्बे करोड अन्ठानब्बे लाख तीस हजार आठ सय बयासी रुपैयाँ बत्तीस पैसा) र सोमा फैसला हुँदाको मितिको प्रचलित डलरको विनिमय दरबमोजिमको थप रकमसमेत गणना गरी बिगो कायम गरी मुख्य कसुरदारहरूलाई सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगो बमोजिम जरिवाना हुने

सजायलाई आधार मानी सोही ऐनको दफा २२ को प्रतिबन्धात्मक वाक्यांश बमोजिम सजाय गरी खर्च भएको देखिएको बिगो रु.२३,२०,५९,३१४.९४ (तेइस करोड बीस लाख उनान्साठ्ठी हजार तीन सय चौध रुपैयाँ चौरानब्बे पैसा) निजबाट असुल उपर हुन मागदाबी लिइएको छ।

प्रवक्ता
नरहरि घिमिरे